# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, माघ ७ गते, २०८१ साल (संख्या ४९

## भाग ३

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना

**विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) (पहिलो संशोधन)**

**आदेश, २०८१**

**प्रस्तावना:** विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस आदेशको नाम "विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) (पहिलो संशोधन) आदेश, २०८१" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ को दफा २ मा संशोधनः</u>** विद्युतीय सुशासन आयोग (गठन तथा सञ्चालन) आदेश, २०७९ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) झिकिएको छ ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) "बोर्ड" भन्नाले दफा ३ बमोजिम गठन भएको ई-गभर्नेन्स बोर्ड सम्झनु पर्छ।"

३. **<u>मूल आदेशको दफा ३ मा संशोधनः</u>** मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. **<u>बोर्डको गठनः</u>** सरकारी निकायमा सञ्चालन हुने विद्युतीय प्रणालीलाई सुरक्षित बनाई विद्युतीय सुशासन कायम गर्न देहाय बमोजिमको ई-गभर्नेन्स बोर्ड गठन हुनेछः-

(क) मुख्य सचिव, नेपाल सरकार -अध्यक्ष

(ख) सचिव (शासकीय मामिला हेर्ने), प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय -सदस्य

(घ) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

(ङ) कार्यकारी निर्देशक, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान -सदस्य

(च) प्रमुख कार्यकारी अधिकृत -सदस्य-सचिव"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. **मूल आदेशको दफा ६ मा संशोधनः** मूल आदेशको दफा ६ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।"

५. **मूल आदेशको दफा ७ मा संशोधनः** मूल आदेशको दफा ७ को,-

(१) खण्ड (ङ) र (च) झिकिएका छन्।

(२) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) सरकारी वा अन्य विद्युतीय प्रणालीको सुरक्षा, विद्युतीय प्रणालीको परीक्षण, सूचना प्रविधि सुरक्षा सूचकाङ्क समेतका विषयमा अध्ययन गरी नेपाल सरकारलाई सुझाव दिने,"

(३) खण्ड (ठ) को सट्टा देहायको खण्ड (ठ) राखिएको छः-

"(ठ) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह, सार्वजनिक संस्था, निजी क्षेत्र तथा शैक्षिक क्षेत्रका बीच अन्तरआबद्धताको लागि डेटा एक्सचेन्ज प्लेटफर्म स्थापना गर्ने र नागरिक एपसँग आबद्ध गरी लागू गराउने,"

(४) खण्ड (ड) मा रहेका "व्यवस्थित र मर्यादित" भन्ने शव्दहरुको सट्टा "व्यवस्थित, गुणस्तरीय र मर्यादित" भन्ने शव्दहरु राखिएका छन्।

(५) खण्ड (थ) मा रहेको "सूचना प्रविधिको" भन्ने शव्दहरुको सट्टा "इ-गभर्नेन्सको" भन्ने शव्द राखिएको छ।

६. **मूल आदेशको दफा ९ मा संशोधनः** मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"९. **प्रमुख कार्यकारी अधिकृतको नियुक्तिः** (१) प्रमुख कार्यकारी अधिकृतको नियुक्तिका लागि उपयुक्त व्यक्ति छनोट गरी नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति गठन हुनेछः-

(क) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव (शासकीय मामिला हेर्ने) -संयोजक

(ख) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सचिव -सदस्य

(ग) बोर्डले तोकेको इ-गभर्नेन्स सम्बन्धी विज्ञ -सदस्य

(२) उपदफा (१) बमोजिमको सिफारिस समितिले एक्काईस दिनको समय दिई कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिका र बोर्डको वेबसाइटमा सूचना प्रकाशन गरी देहायको योग्यता भएका नेपाली नागरिकबाट दरखास्त आह्वान गर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट सूचना प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी कुनै विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको,

(ख) सूचना प्रविधि सम्बन्धी क्षेत्रमा कम्तीमा बाह्र वर्षको अनुभव हासिल गरेको,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) दफा ९क. बमोजिम अयोग्यता नरहेको,

(घ) साठी वर्ष उमेर पूरा नभएको।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजात सहित सिफारिस समिति समक्ष दरखास्त दिनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) व्यक्तिगत विवरण,

(ग) न्यूनतम शैक्षिक योग्यता तथा अनुभव खुल्ने कागजातको प्रतिलिपि,

(घ) अनुसूची बमोजिमको स्वघोषणा।

(४) उपदफा (३) बमोजिम दरखास्त दिने व्यक्तिले त्यस्तो दरखास्तसाथ पाँच हजार शब्दमा नबढाई तयार गरेको बोर्डको व्यावसायिक कार्ययोजना समेत छुट्टै खाममा सिलबन्दी गरी पेश गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको सिफारिस समितिले प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिको लागि सिफारिस गर्ने प्रयोजनको लागि कूल अङ्कभार पचास कायम गरी देहाय बमोजिमको आधारमा मूल्याङ्कन गर्नु पर्नेछः-

(क) व्यावसायिक कार्ययोजना -२५अङ्क

(१) विषयवस्तुको ज्ञान -६.५ अङ्क

(२) सबल तथा कमजोर पक्ष, अवसर र चुनौतिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विश्लेषण सहितको
दीर्घकालीन सोच -६.५ अङ्क
(३) रणनीतिक योजना -६ अङ्क
(४) कार्यान्वयन कार्ययोजना -६ अङ्क

(ख) कार्ययोजना प्रस्तुतीकरण -१५ अङ्क
(१) अवधारणागत स्पष्टता -४ अङ्क
(२) प्रस्तुतीकरण शैली -४ अङ्क
(३) विषयवस्तुको विश्लेषण क्षमता -४ अङ्क
(४) समय व्यवस्थापन -३ अङ्क

(ग) अन्तर्वार्ता -१० अङ्क

(६) उपदफा (१) बमोजिमको सिफारिस समितिले उपदफा (५) बमोजिम व्यावसायिक कार्ययोजना, कार्ययोजनाको प्रस्तुतीकरण र अन्तर्वार्तामा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीनजना व्यक्ति छनोट गरी बोर्ड मार्फत नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

तर तीन जना भन्दा कम उम्मेदवार भएमा योग्यता पुगेका सबै उम्मेदवारको नाम सिफारिस गर्न बाधा पर्ने छैन।

(७) उपदफा (६) बमोजिम सिफारिस भएका व्यक्ति मध्येबाट नेपाल सरकारले एकजनालाई प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ।

(८) प्रमुख कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) यो दफा प्रारम्भ हुँदाका बखत बहाल रहेको प्रमुख कार्यकारी अधिकृत निजको बाँकी पदावधिसम्म सो पदमा बहाल रहनेछ र निजको पुनः नियुक्ति हुन सक्नेछ।

(१०) उपदफा (८) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृतले पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेमा नेपाल सरकारले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई सफाइ पेश गर्ने उचित मौका दिनु पर्नेछ।"

७. **मूल आदेशमा दफा ९क. थप:** मूल आदेशको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः-

"**९क. अयोग्यता:** देहायको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्तिका लागि अयोग्य हुनेछः-

(क) गैर नेपाली नागरिक,

(ख) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धीकरण, अवैध रुपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय पाएको,

(ग) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको,

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनको लागि "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा नतोकी सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटीइमिग्रेन्ट भिसा (डि.भि.), परमानेन्ट रेजिडेन्ट भिसा (पि.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा परेको।"

८. **मूल आदेशको दफा १० मा संशोधनः** मूल आदेशको दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"**१०. <u>प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुने:</u>** देहायको कुनै अवस्थामा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त हुनेछः-

(क) अध्यक्ष समक्ष आफ्नो पदबाट राजीनामा दिएमा,

(ख) दफा ९ को उपदफा (२) बमोजिमको योग्यता कायम नरहेमा,

(ग) दफा ९ को उपदफा (८) बमोजिमको पदावधि समाप्त भएमा,

(घ) दफा ९ को उपदफा (१०) बमोजिम पदबाट हटाइएमा,

(ङ) निजको मृत्यु भएमा।"

**९. <u>मूल आदेशको दफा ११ मा संशोधन:</u>** मूल आदेशको दफा ११ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी सेवाबाट निवृत्त भई निवृत्तिभरण पाइरहेको व्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त भएमा निजले उपदफा (२) बमोजिमको पारिश्रमिक तथा सुविधा वा निजले पाइरहेको निवृत्तिभरण मध्ये कुनै एक रोज्नु पर्नेछ।"

**१०. <u>मूल आदेशको दफा १२ मा संशोधन:</u>** मूल आदेशको दफा १२ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) नेपाल सरकार वा बोर्डले स्वीकृत गरेको योजना वा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छः-

"(ग१) बोर्डमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणीसम्मका कर्मचारीलाई तालिम वा अध्ययन भ्रमणका लागि मनोनयन गर्ने र त्यस्ता कर्मचारीको स्वदेश वा विदेशको भ्रमण आदेश स्वीकृत गर्ने,"

**११.** **<u>मूल आदेशको दफा १३ मा संशोधनः</u>** मूल आदेशको दफा १३ को उपदफा (१) मा रहेका "नेपाल सरकारको मुख्य सचिवले" भन्ने शब्दहरुको सट्टा "अध्यक्षले" भन्ने शब्द राखिएको छ।

**१२.** **<u>मूल आदेशको दफा १९ मा संशोधनः</u>** मूल आदेशको दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"**१९.** **<u>स्वीकृति लिनुपर्नेः</u>** प्रमुख कार्यकारी अधिकृतले बोर्डको कामको सिलसिलामा नेपाल भित्र भ्रमण गर्नु अघि अध्यक्षबाट र विदेश भ्रमण गर्नु अघि बोर्डको सिफारिसमा प्रधानमन्त्रीबाट स्वीकृति लिनु पर्नेछ।"

**१३.** **<u>मूल आदेशमा अनुसूची थपः</u>** मूल आदेशमा संलग्न बमोजिमको अनुसूची थपिएको छ ।

**१४.** **<u>खारेजीः</u>** मूल आदेशको दफा ४ र ५ खारेज गरिएका छन् ।

**१५.** **<u>रुपान्तरः</u>** मूल आदेशको ठाउँ-ठाउँमा रहेका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखी रुपान्तर गरिएको छः-

(क) "विद्युतीय सुशासन" भन्ने शब्दहरुको सट्टा "ई-गभर्नेन्स",

(ख) "आयोग" भन्ने शब्दको सट्टा "बोर्ड" ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची

(दफा ९ को उपदफा (३) को खण्ड (घ) सँग सम्बन्धित)

**स्व-घोषणा**

म ................ ई-गभर्नेन्स बोर्डको प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्त हुनका लागि ई-गभर्नेन्स बोर्ड (गठन तथा सञ्चालन) आदेश, २०७९ मा तोकिए बमोजिमको योग्यता र अनुभव पूरा गरेको र उक्त पदमा नियुक्त हुनका लागि अयोग्य नरहेको हुँदा देहाय बमोजिमका कागजात तथा विवरण आफैंले प्रमाणित गरी यसैसाथ संलग्न गरी यो स्व-घोषणा पेस गरेको छुः-

१. नाम थरः
२. जन्म मितिः वि.सं. इ.सं.
३. ठेगाना (स्थायी):
४. सम्पर्क नं.
५. इमेलः
६. बाबु/आमाको नाम र ठेगानाः
७. पति/पत्नीको नाम र ठेगानाः
८. नागरिकता नं. जारी मितिः जिल्लाः
९. राष्ट्रिय परिचय नं.
१०. शैक्षिक योग्यताः
११. अनुभवः
१२. आ.व..........................को कर चुक्ताको प्रमाणपत्र संलग्न रहेको
१३. निरोगिताको प्रमाणपत्र संलग्न रहे/नरहेको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. कुनै पनि विदेशी मुलुकको नागरिकता, स्थायी आवासीय अनुमतिपत्र लिएको/नलिएको वा स्थायी आवासीय अनुमतिपत्रको लागि आवेदन दिएको/नदिएको

१५. सरकारी बाँकी तिर्न बुझाउन बाँकी रहे/नरहेको

१६. कैद/सजाय भए/नभएको

१७. जरिबाना तिर्न बुझाउन बाँकी रहे/नरहेको

माथि उल्लेख गरिएको व्यहोरा ठिक साँचो छ। झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

...................

दस्तखत

मितिः ”

**आज्ञाले,**

**फणीन्द्र गौतम**

**नेपाल सरकारको सचिव ।**



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।